## १०.१९ गाउंपालिकाको पहिलो गाउंसभा आ. व. २०७४/२०७५

कञ्चन गाउपालिकाका अध्यक्ष श्री गोकर्ण बहादुर क्षेत्रीबाट कञ्चन गाउपालिका स्थापना पछि पहिलो गाउंसभामा आर्थिक वर्ष २०७४/०७५ को नीति, योजना, कार्यक्रम तथा बजेट प्रसतुत

**आदरणीय यस गरिमामय प्रथम गाँउ सभाका सभाध्यक्ष महोदय, सभाका सदस्य ज्युहरु उपस्थित कर्मचारी, पत्रकार एवं समस्त महानुभाव ज्युहरु**

नेपालको संविधान जारीसंगै विगत १५ वर्षदेखि जनप्रतिनिधि विहिन रहेको अवस्थालाई चिर्दै संविधान अनुरुप पूनसंरचित स्थानीय तह निर्वाचन २०७४ वाट निर्माण भएको गरिमामय गाँउपालिका परिषदको प्रथम गाँउसभामा आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा खुसी लागेको छ । यस ऐतिहासिक अवसरमा नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रकोलागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन लगायत सवै नेपाली जनताको मुक्ती, स्वतन्त्रता र अधिकारका लागि गरिएका आन्दोलन र सो क्रममा ज्यानको आहुती दिने महान शहिदको स्मरण गर्न चाहन्छु । साथै उल्यखित आन्दोलनहरुमा यस कञ्चनवासीको महत्वपूर्ण भूमिका र सक्रिय सहभागितावाट पुचाएको योगदानको उच्च मुल्याङ्कन गर्न चाहन्छु ।

संवत २०७४ असार १४ गते सम्पन्न दोस्रो चरणको स्थानीय तह निर्वाचनले यस गाँउपालिका संगसगै समग्र नेपालको संविधान साथै संघियता कार्यान्वयनको सुरुवात तथा नागरिक अधिकार, आवश्यकता र अपेक्षाको प्रत्याभुतीको पक्षमा महत्वपूर्ण मार्गनिर्देश र आर्थिक सम्वृद्धिका संभावनाहरुका ढोका खोल्दै लोकतन्त्रको सफल अभ्यासको अनुभुती दिलाएको छ । निर्वाचन प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहभागी, निर्वाचनको सफलतामा योगदान दिनुहुने सम्पूर्ण नागरिक, राजनीतिक दल, कर्मचारी र सुरक्षाकर्मीहरुमा हार्दिक कृतज्ञता एंव धन्यवाद ज्ञापन गर्दछु । निर्वाचन अघि, लामो समयसम्म जन प्रतिनिधि विहिन अवस्थामा स्थानीय निकायमा रहि कठिन अवस्थाको वावजुद पनि सार्वजनिक सेवा प्रवाहमा अहोरात्र खटी जनताको सेवामा संलग्न कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

आम जनताको चाहना वमोजिम साविक गंजेडी र रुद्रपुर गाविस संवत २०४६ भन्दा पहिले एउटै पञ्चायत भएकाले अहिलेको स्थानीय निकायको संरचना अनुसार पहिलेकै कुरालाई कायम गरि कञ्चन गाउँपालिका बनाएको स्मरण गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

ऐतिहासिक पृष्ठभूमि, भेषभुषा, रहनसहन लगायत अधिकांश समानता रहेको यो क्षेत्रको लामो इतिहास छ । यस क्षेत्रको मुख्य समस्याको रुपमा रहेको अव्यवस्थित बसोबासको समस्या जुन

आम कन्चन गाउँपालिका वासीहरुको पिडाको विषय हो । विगतका विभिन्न कालखण्डहरुमा बनेको सुकुम्वासी समस्या समाधान आयोगहरुका मुख्य चासो अन्यत्र भएकोले यो क्षेत्र उपेक्षामा परेकोले आगामी दिनमा गाँउपालिका भित्रको सुकुम्वासी समस्या र अव्यवस्थित वसोवासलाई व्यवस्थापन गर्ने  नीतिलाई प्रमुख महत्व दिइने छ ।

१. भूमिहिन अर्थात घरवास विहिन परिवारको वास्तविक लगत संकलन गरी सोको उचित व्यवस्थापन गर्ने कामको थालनी गरिने छ । साथै अन्य विपन्न परिवारको पनि लगत खडा गरी आवश्यक सुविधा उपलब्ध गराइने छ ।
२. ऐलानी जग्गा भोग चलन गर्दै आएका परिवारको तत्काल तथ्याङ्क संकलन गरी निजहरुलाई गाँउपालिकाको अभिलेख अनुसार जग्गाको अस्थायी प्रमाण उपलब्ध गराइने छ । साथै उनिहरुलाई क्रमशः जग्गा धनी प्रमाणपूर्जा उपलब्ध गराउन आवश्यक प्रक्रियाको सुरुवात गर्ने  नीति लिइ यसको कार्य सम्पन्न गर्नको लागि एक कार्य दल गठन गरिने छ ।
३. सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्ने कार्यको थालनी गरि सो जग्गालाई गाँउपालिकाको मातहतमा लिने व्यवस्था मिलाइने छ ।
४. सडक विकासको मेरुदण्ड हो । गाँउपालिकाको सवै वडालाई सडक संञ्जालमा जोड्न, कन्चनको गौरव योजना अर्न्तगत एक कन्चन रिङ्गरोड निर्माण गर्नको लागि सम्भाव्यता अध्ययन लगायतका विभिन्न कार्यको सुरुवात गरिने छ ।
५. "नौ स अभियान कन्चनको विकासमा नयाँ आयाम" अन्तर्गत तपसिलका कार्यको थालनी गरिने छ ।

**क) शिक्षा**

- गाँउपालिका भित्रका सवै सामुदायीक विद्यालयहरुमा गुणस्तरिय शिक्षाका लागि शिक्षक तालिम, पुरस्कार प्रोत्साहन, निरीक्षण अनुगमन मुल्यांकन गरि आवश्यक पूर्वाधारका लागि वजेटको व्यवस्था गरिने छ ।
- नेपाल सरकार अन्तर्गत प्राप्त अनुदानवाट निर्माण गरिने भवनहरु गाँउपालिकाको सिफारिश अनुसार माग र आवश्यकताको आधारमा विद्यालयहरुमा वितरण गर्ने व्यवस्था मिलाउन सम्वन्धित निकायमा पहल गरिने छ ।
- वर्तमान अवस्थामा देखिएको वेरोजगार स्थितिलाई ध्यानमा राखि स्वरोजगार तर्फ उन्मुखको लागि गाँउपालिका भित्रका विद्यालयहरुमा प्राविधिक शिक्षामा जोड दिने नीति लिइने छ । उच्च शिक्षामा सहज र सर्वशुलभ पहुँच कायम गर्नको लागि हाल संचालनमा रहेका क्याम्पसको गुणस्तर र भौतिक पूर्वाधारमा स्तरोन्नती गर्दै वडा न. १ र २ को उपयुक्त स्थानमा क्याम्पस स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

- कञ्चन गाँउपालिका भित्र रहेका कुनै दुइ विद्यालयलाई नमुना विद्यालय वनाउने कार्यको लागि आवश्यक पूर्वाधार पुरा गर्न वजेटको व्यवस्था गरिने र क्रमशः यो अभ्यास सवै विद्यालयहरुमा विस्तार गर्ने कार्यको थालनी गरिने छ ।
- अपाङ्ग सुस्त मनोस्थिति भएका विद्यार्थीहरुलाई सहज पठन पाठन गराउने उद्धेश्यले संचालन भएका विद्यालयलाई आर्थिक सहयोगको व्यवस्था गरिने छ ।
- गाँउपालिका भित्रका सामुदायिक विद्यालयका छात्र छात्राहरु मध्ये जेहेन्दार गरिव तथा उत्कृष्टलाई छात्रवृति तथा पुरस्कारको व्यवस्था गरिने छ ।

**ख) स्वास्थ्य**

कञ्चनको पूर्वाधार स्वास्थ्य जनशक्तिको आधार भन्ने विषयलाई सार्थक वनाउने उद्वेश्य लिइ निम्न कार्यको थालनी गरिने छ ।

- सर्वसाधारण सवैको आधारभुत स्वास्थ्यमा सहज र सुलभ पहुँच बढाउने नीति अनुरुपका कार्यक्रम ल्याइने छ । सवै वडामा घुम्ति स्वास्थ्य सेवा, गाँउघर क्लीनिक, नियमित स्वास्थ्य शिविर तथा प्रत्येक वडामा स्वास्थ्य चौकी वनाउने कार्यको सुरुवात र पहल गरिने छ ।
- गजेडी स्वास्थ्य चौकीमा २४ घण्टे सुत्केरी सेवा तथा ल्याव संचालनको लागि पहल गरिने छ ।
- रुद्रपुर हरैयामा रहेको क्षेत्रीय आयुर्वेद औषधालयलाई जडिवुटी अनुसन्धान केन्द्रको रुपमा विकास गर्न पहल गरिने छ ।
- अशक्त, वृद्ध, वालवालिका, अपाङ्गहरुलाई ध्यानमा राखि स्वास्थ्य सेवाकालागि घुम्ती शिविरको व्यवस्था मिलाइने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरि उनिहरुको परिचालन गरिने छ ।
- गाँउपालिका भित्रका सवै जनतालाई पायक पर्ने गरि १५ सैयाको अस्पताल वनाउने कार्यका लागि सम्वन्धित निकायमा पहल गरि जग्गा व्यवस्थापनमा जोड दिइने छ ।
- उपयुक्त स्थानमा छिमेकी नगरपालिका र गाँउपालिकाको संयुक्त पहल साझेदारी मार्फत सर्पदंश केन्द्र स्थापना गर्न पहल गरिने छ ।
- आमा र शिशु सुरक्षा कार्यक्रम (सुनौलो १००० दिन) लाई प्रभावकारी रुपमा लागु गरिने छ ।

**ग) स्वच्छ खानेपानी तथा पूर्ण सरसफाइ**

सबै रोगको निधान स्वच्छ खानेपानी तथा पूर्ण सरसफाइ हाम्रो अभियान भन्ने भावनालाई आत्मसाथ गर्दै कञ्चन गाँउपालिका भित्र रहेका सवै समुदायलाई स्वच्छ खानेपानी तथा पूर्ण सरसफाई यूक्त बनाउन निम्नानुसारका कार्य थालनी गरिनेछ ।

- स्वच्छ खानेपानी खुवाउने उद्धेश्य लिइ हाल योजना संचालन भएका रुद्रपुर र वकुल्लाघाट खानेपानी योजनालाई पूर्णरुपले सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइने छ । मलवार देवी झारगैरा खा.पा., भैसाही पिपरीचापा खा.पा., सुनगाभा हर्नचौर खा.पा. लाई छिटो भन्दा छिटो योजना संचालन गर्न सम्वन्धित निकायमा पहल गरिने छ । साथै ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम अन्तर्गत संचालनमा आएका प्रगतिटोल खा.पा. वडा न. ४ धपालीटोल, रातडाँडा खा.पा. वडा न. १ लाई थप व्यवस्थित गरि संञ्चालनमा ल्याइने छ ।
- रातडाँडा खा.पा., वकुल्लाघाट गजेडी खा.पा. योजनावाट वडा १ लौसा, कुचेरा र दानापुरमा खानेपानी पुग्न नसकेको विषयलाई गम्भिरताकासाथ लिइ उक्त ठाँउमा वैकल्पिक व्यवस्था मिलाइ स्वच्छ खानेपानी खुवाउने व्यवस्था मिलाउन पहल गरिने छ ।
- पूर्ण सरसफाइ अभियानलाई सार्थक वनाउन प्रत्येक घरधुरी र परिवारलाई पूर्ण सरसफाइका आधार कुराहरु लागु गर्न अभियानकै रुपमा जनचेतना कार्यक्रमको शुरुवात गरि पूर्ण सरसफाइ युक्त गाँउपालिका वनाउने नीति लिइने छ ।
- घरै भित्रको फोहोर घरैभित्र नष्ट गर्ने र फोहोरवाट जैविक मल उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

**घ) सडक**

विकासको पूवार्धार सडकको संजाल भन्ने यर्थातलाई आत्मसाथ गदै सवै पहुँच सडकमार्फत पाँउन भन्ने मान्यतालाई ध्यानमा राखी निम्न कार्य गर्ने सोच अगाडी बढाएका छौं ।

- सार्वजनिक यातायात सन्चालन भएका सम्पूर्ण सडकहरुलाई १२ महिना सहज रुपमा यातायात सन्चालन हुने व्यवस्था मिलाइने छ ।
- वातावरणमैत्री स्थानीय शासन सम्वन्धि अवधारणा अनुरुप प्रत्येक वडामा कम्तीमा एउटा फुटपाथ, नाली, सडक किनारामा वृक्षारोपण आदि भएको नमुना सडक निर्माणको अवधारणा लिइने छ ।
- पिच भएको मूल सडकदेखि प्रत्येक वडा हुदै जाने शाखा सडक कालो पत्रे गर्ने अभियान यस आ.व. वाट सुरुवात गरिने ।
- बाँसगडी, वेलभरिया, गजेडी, वनकसिया, थकालीचोक जोड्ने सडकलाई यस आ.व. भित्र सहज रुपमा आवत जावत गर्न सडक स्तरउन्नतिको लागि पहल गरिने छ ।
- बाँसगडी, क्रान्तिचोक, मटेरीया, बगैइकुट्टा, भैरवघाट हुँदै हरैया जाने सडक यस आ.व. मा स्तरउन्नती गर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- सैनामैना सिमानाबाट मन्दिरडाँडादेखि राताडाँडा, दानापुर, गजेडी, बसन्तफूलवारी जोड्ने सडक स्तरउन्नती गर्न सडक निर्माण कार्य सुरुवात गरिने छ ।

- सुनगाभा जसेखर्कटोल डील हुदै गजेडी जोड्ने सडक स्तरउन्नती गरी सडक निर्माण कार्य अगाडी बढाउन सम्भाव्यत अध्ययन गरिने छ ।

**ङ) सामुदायिक वन**

हरियाली वन नेपालको धन भन्ने नारा सार्थक वनाउन जनताको धन हरियाली वन भनि निम्न कार्यको थालनी गरिने छ ।

- वन जोगाउन जनचेतना अभियान सञ्चालन गरिने छ ।
- सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गर्ने सामाजिक तथा भौतिक विकास र वन विकासका योजनाहरु गाँउपालिकासंग समन्वय गरी सञ्चालन गर्ने नीति लिइने छ ।
- यस गाँउपालिका भित्र रहेका सवै सामुदायिक वनहरुमा जडिबुटी लगाउने सिमसार क्षेत्रमा ताल तलैया वनाउने साथै उपयुक्त ठाँउ छनौट गरी जुपार्कको पूर्वाधार तयार गरी पर्यटकीय संभाव्यता अध्ययन गर्ने कार्यक्रमलाई अगाडी बढाइने छ ।
- लुम्विनी साझेदारी वनलाई प्रभावकारी रुपमा संञ्चालन गर्न समितिसंग समन्वय गरि छुटेको वडालाई समावेश गरी पहल गरिने छ ।

**च) सिंचाई**

सिंचाईको आधार किसानको पैदावार मान्यता साथ अगाडी बढ्न यस गाँउपालिका भित्र रहेका उर्वरभुमिमा निम्न कार्य सुरुवात गरिने छ ।

- कञ्चन पाहेलावाँध, कोठी सतह सिंचाई संभाव्यता अध्ययन गरी संभाव्यताका आधारमा योजना बनाइ सतह सिंचाई व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।
- कञ्चन लिफ्ट सिंचाईकालागि संभाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- डिपट्युवेल, स्यालोट्युवेल जडानको व्यवस्था मिलाई आवश्यक स्थानमा जडान गर्न पहल गरिने छ ।
- साना सिंचाइ तथा जनसहभागिताका सिंचाइ आयोजनाहरुलाई प्राथमिकता दिने नीति लिइने छ ।

**छ) संस्कार – संस्कृति**

संस्कार संस्कृतिको जर्गेनाका लागि प्रोत्साहन गर्न निम्न कार्यको सुरुवात गरिने छ ।

- मगर, गुरुङ्ग, मधेशी, थारु समुदायको भेषभुषा गरगहना साथै संस्कृतिको जर्गेनाका लागि सङग्राहलय वनाउने काममा प्रेरित गरिने छ । साथै विभिन्न धर्मालम्विहरुका मठ मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि संरक्षण सम्र्वद्धनका लागि सहयोग नीती अवलम्वन गरिने छ ।

**ज) संचार**

- कञ्चन गाँउपालिका भित्र एफ.एम रेडियो तथा टि.भि. सञ्चालनका लागि प्रोत्साहन गराइने छ ।
- लेण्डलाइन फोन विस्तार गर्न सम्वन्धित निकायमा समन्वय गरी वितरण प्रणालीलाई प्रभावकारी बनाइने छ ।
- सवै माध्यमिक विद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने कार्यको सुरुवात गरिने छ ।
- यस गाँउपालिका भित्र रहेका सरकारी कार्यालयहरुमा विद्युतिय हाजिरिको व्यवस्था साथै गाँउपालिका र वडा कार्यालयहरुलाई प्रविधि मैत्री वनाइ E-Governance लाई अंगिकार गर्ने नीति लिइने छ ।

**झ) स्वरोजगार**

वर्तमानको बेरोजगारी स्थितिलाई ध्यान राखी स्थानीय रुपमा शिप कलाको विकास गरि स्वरोजगारी वनाउन निम्न कार्यको थालनी गरिने छ ।

- शिप सिकेका आर्थिक अवस्थाले कमजोर रहेका परिवारलाई शिपका आधार आवश्यक प्रविधि तथा आर्थिक सहयोग गरिने छ ।
- संस्थागत रुपमा गठन भएका आमा समूहहरुलाई साझेदारी रुपमा आय-आर्जन हुने खालका योजना वनाई कार्यक्रम ल्याएमा आर्थिक तथा भौतिक सहयोग गर्ने कार्यको थालनी गरिने छ ।
- स्वदेश तथा विदेशमा रोजगार गर्न जाने युवा युवतिका लागि शिपमूलक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउने कार्य सुरुवात गरिने छ ।
- विभिन्न निर्माणका कार्यकालागि सम्वन्धित निकायमा पहल गर्ने कार्यको शुरुवात गरिने छ ।

**ञ) कृषि**

यस गाउँपालिका भित्र रहेको सवै जनताको बाच्ने आधार कृषि र अधिकांश व्यक्ति र समुदायको पेशा कृषिभएकोले कृषि उत्पादन बढाउन निम्न कार्यको सुरुवात गरिने छ ।

- सहकारीको माध्यमबाट सामुहिक खेती, पशुपन्छिपालन, मत्स्य, माहुरीपालन गर्ने कृषकलाई प्रोत्साहन स्वरुप विउ, मलखाद, औजार सहित क्रमिक रुपमा सहयोग गर्ने नीती अवलम्बन गराइने छ ।
- एक घर पाँच फलफूलको रुख नीतिलाई लागु गर्न साझेदारी रुपमा लगानी गरी विरुवा उपलब्ध गराइने छ ।
- उत्कृष्ट कृषकलाई प्रोत्साहन र पुरस्कारको नीति अवलम्वन गरिने छ ।

**ट) विद्युत**

उज्यालो कञ्चन वनाउने उद्देश्यले निम्न कार्यको थालनी गरिने छ ।

- कञ्चन गाँउपालिका भित्र रहेका सवै वडाहरुमा यसै आ.व. भित्र विद्युत विस्तार कार्य सम्पन्न गरिने छ ।
- भोल्टेज सुधारकालागि ट्रान्सफर्म र तारको आवश्यक गृहकार्य गरि कामको थालनी गरिने छ ।
- सव-स्टेशन ३३ kv निर्माणका लागि सम्वन्धित निकायमा पहल गर्ने कार्यको शुरुवात गरिने छ ।

**ठ) पर्यटन**

यस कञ्चन गाँउपालिकाको चिनारी वनाइ आन्तरिक र वाह्य व्यक्ति र समुदायको आगमन वढाइ पर्यटनको विकास गर्न निम्न कार्यको शुरुवात गरिने छ ।

- यस गाँउपालिका भित्रका सवै सामुदायिक वनहरुमा पार्क, वगैचा, वालउद्यान र भ्यू टावरको समेत क्रमिक रुपमा निर्माण गरि पर्यटन आगमन कार्यलाई वढावा दिइने छ ।
- दानापुर ताल एतिहासिक वर रुख प्रचार प्रसार गरि लुम्विनी आउने पर्यटकहरुलाई यस गाँउपालिका भित्र भित्राउने कार्यको शुरुवात गरिने छ ।
- दानापुर गजेडी तालमा होमस्टेको व्यवस्था गरि पर्यटक आगमनलाई वढावा दिन स्थानीय समुदायलाई प्रोत्साहन गरिने छ ।
- कञ्चन गाँउपालिका भित्र आवश्यक स्थानको पहिचान गर्दै दाता संस्थासँग समन्वय गरि आश्रम वनाउने कामको पहल गरिने छ ।
- पुर्खाको पौरख कञ्चनको गौरवलाई पर्यटकियरुपमा विकास गर्न गाँउपालिकाले केन्द्रमा समन्वय गरि निम्न कार्य गरिने छ ।
    - कञ्चन मत्स्यपालन केन्द्र
    - वोटिङ
    - पार्क
    - कञ्चन करिडोर

**ड) उद्योग**

- औधोगिक क्षेत्र निर्धारणको सम्वाव्यता अध्ययनको विशेष व्यवस्था मिलाइने छ ।
- कृषिजन्य उद्योग स्थापना गरि रोजगारीको अवसर निर्माण गर्ने उद्योगीहरुलाई विशेष सुविधा प्रदान गरिने छ ।

६. प्रत्येक वडामा रहेका खेल मैदान व्यवस्थापन गरि रहेका खेल मैदानहरुको स्तरोन्नती गर्ने कार्य यसै आ.व.वाट सुरुवात गरिने छ।
७. खेलकूदमा रुचि राख्ने युवा युवतिका लागि निजहरुको प्रतिभा पहिचान र प्रस्फुटन हुने गरि खेलकूद मैत्री वातावरण र त्यस्तै खाले प्रतियोगिताको आयोजना गर्ने कार्यको थालनी गरिने छ.।
८. महिलामाथि हुने लैङ्गिक तथा जातिय विभेद अन्त्यकोलागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ।
९. गाँउपालिका भित्रका सवै क्षेत्र र निकायमा सु-शासन प्रवर्द्धनमा जोड दिदै भ्रष्टचार जन्य क्रियाकलाप प्रति शुन्य सहनशिलता अपनाइने छ।
१०.छिमेकी नगर/गाउँपालिका, जिल्ला समन्वयन समिति, प्रदेश, संघसंगको असल संबन्ध कायम गरिने छ। अन्तर गाउँपालिका तथा नगरपालिका साझेदारी कार्यक्रमहरु सञ्चालन गर्न पहल गरीने छ।
११.आन्तरिक प्रशासनलाई थप सुदृढ बनाउन प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिने छ।
१२.सम्पूर्ण वडा कार्यालयहरुबाट जनतालाई छिटो छरितो सेवा दिने कार्यको प्रभावकारिता अभिवृद्धिको लागि नियमित अनुगमन, मुल्यांकन, गुनासो व्यवस्थापन तथा क्षतिपूर्ति सहितको नागरिक बडापत्रको कार्यन्वयनलाई शुरुवात गरिने छ।
१३.सामाजिक तथा आर्थिक रुपले सिमांन्तकृत हुनपुगेका महिला, दलित, आदिवासी जनजाति, बालबालिका, जेष्ठ नागरिक, युवा, अपाङ्ग, अल्पसंख्यक, सिमान्तकृत, लोपोन्मुख जातिहरुको पहिचान स्थापितगर्ने, सशक्तिकरण गर्ने एवं मुलप्रवाहिकरण गरी जन सहभागितामा योगदान बढाउनका निम्ति सचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र नेतृत्व विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१४.आत्मनिर्भर गाँउपालिका निर्माणका लागि गाँउपालिका कोष मजवुत वनाउन करको भार घटाउने, दायरा र क्षेत्र वढाउने नीति अवलम्वन गरि कर शिक्षालाई अभियानकै रुपमा संचालन गरिने छ।
१५.तिनखम्बे अर्थ व्यवस्थाको एउटा मुख्य खम्बा सहकारी हो। आर्थिक सामाजिक विकासमा सहकारी क्षेत्रको योगदानको उच्च मुल्याङ्कन गर्दै यस गाँउपालिकाको हरेक विकास निर्माण, सामाजिक सेवा तथा अर्थिक विकासका कार्यक्रममा सहकार्य गरिने छ। सहकारी क्षेत्रमा देखिएका विकृति र विसङ्गतीलाई हटाइ जनमानसमा विश्वासनीय वातावरण सिर्जना गर्न वित्तिय क्षेत्रको नियमित निरीक्षण तथा अनुगन प्रणालीको विकास गरिने छ।
१६.व्यवस्थित, सुरक्षित र सुन्दर कञ्चन गाँउपालिकाको परिकल्पना साकार पार्न सबै किसिमका भवन निर्माण गर्दा अनिवार्य पूर्व स्वीकृति लिनुपर्ने, पुराना भवनहरु भएका घर धनिले अभिलेखिकरण गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिने छ।
१७.दीगो विकासको अवधारणालाई पूर्णरुपमा आत्मसाथ गर्दै जलाधार, वन जंगल एवं अन्य

प्राकृतिक स्रोत साधनको संरक्षण र उपयोग गरिने छ । रोजगारमूलक गरिवी निवाकरणमा सहयोग पुग्ने खालका पूर्वाधार विकासमा जोड दिइने छ । जलवायु परिवर्तनका कारण सिर्जित अवस्थालाई मध्यनजर गर्दै अनुकुलनका कार्यक्रमहरु संचालनमा ल्याइनेछ । पूर्वाधार निर्माणको दीगोपन सुनिश्चितताका लागि अनिवार्य मौद्रिक सहभागिता जुटाई स्वामित्व वोध कायम गरिने छ ।

१८. गैरसरकारी क्षेत्रलाई विकास साझेदारका रुपमा अंगिकार गरि उनिहरुको कार्यगत विषेशज्ञता र अनुभवका आधारमा विकास क्रियाकलापमा सहज ढंगबाट परिचालित हुने वातावरण बनाइने छ ।

१९. नागरिक मैत्री प्रशासन कायम गर्न जन प्रतिनिधिहरुको नेतृत्व र क्षमता विकासका निम्ति विशेष अभिमुखीकरण र तालिम सन्चालन गरिनेछ । साथै प्रभावकारी सेवा प्रवाहका निम्ति कर्मचारीलाई कामप्रति उत्प्रेरित बनाउन मौद्रिक एवं गैर मौद्रिक उपायहरु अवलम्बन गरिनेछ । कर्मचारीको क्षमता विकासमा प्रर्याप्त ध्यान पुऱ्याइने छ ।

२०. सुशासनका आधारभूत सिद्धान्तहरु विधीको शासन, पारदर्शिता, सहभागिता र सार्वजनिक उत्तरदायित्व, अनुशासन, आचारसंहिता, बालमैत्री, वातावरणमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री एवं समग्रमा नागरिकमैत्री  स्थानीय शासनको प्रत्याभूति गराइने छ ।

२१. छिमेकी नगर/गाउँपालिका, जिल्ला समन्वयन समिति, प्रदेश, संघसंगको असल संबन्ध कायम गरिने छ ।

२२. उपभोक्ताहरुको अधिकार सुनिश्चित गर्न बजार संयन्त्रलाई प्रभावकारी बनाइनेछ । नियमित अनुगमन, सुपरिवेक्षण गरि कालाबजारी एवं कृत्रिम अभाव नियन्त्रण साथै स्वस्थ प्रतिस्पर्धा र गुणस्तर कायम गराइनेछ ।

२३. मानव अधिकारको विश्वव्यापी मान्यता अनुरुप स्वतन्त्र स्वाभिमान र शान्तिपूर्वक बाच्न र जीवनयापन गर्न पाउने अधिकारको संरक्षणको प्रयास गरिनेछ ।

२४. प्राकृतिक प्रकोप, दैवि प्रकोप लागयतका प्राकृतिक तथा अन्य विपत्तीवाट नागरिकलाई छिटो भन्दा छिटो राहत तथा उद्धार लगायतका कार्य संचालनका लागि एउटा विपत व्यवस्थापन कोष खडा गरिने छ ।

## १०.२० आय ब्यय तथा मार्ग दर्शन

**आदरणीय यस गरिमामय गाँउ सभाका अध्यक्ष महोदय एवं सभाका सदस्यज्यूहरु,**

१. नेपालको संविधान, २०७२ बमोजिम गठित कन्चन गाँउपालिकाको प्रथम गाँउ सभामा गाँउपालिकाको आर्थिक वर्ष २०७४।०७५ को आय र व्ययको अनुमान यस गरिमामय गाँउसभामा प्रस्तुत गर्न पाउँदा मलाइ धेरै खुशी लागेको छ ।

**सभाध्यक्ष महोदय,**

२.कञ्चन गाँउपालिकाको विशिष्ट भौगोलिक वनावट, पर्याप्त प्राकृतिक साधन स्रोतको उपलब्धता, जातीय विविधता, निर्माण भइसकेका विकासका न्यूनतम पूर्वाधारहरु र अन्य विभिन्न सवल पक्षहरुलाई आत्मसाथ गर्दै गाँउपालिकाको वृहत्तर विकासको निम्ति आवश्यक गुरुयोजना (Master Plan) को अभाव रहेको छ । यस गाउपालिकाको आवश्यकता अनुरुपको पर्याप्त र सक्षम जनशक्तिको अभाव, स्वामित्व विहिन जग्गा जमिनमा बनेका संरचना तथा अव्यवस्थित बसोबास जस्ता समस्या र अवरोधहरुलाई चिर्दै भौगोलिक एवं जातीय विविधता अनुरुपका पूर्वाधार एवं सामाजिक विकास नीति, योजना र कार्यक्रम तुर्जमा गरी प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न, उपलब्ध जनशक्तिको क्षमता विकास गरी परिचालन गर्न एवं सक्षम जनशक्तिलाई आकर्षित गर्न, विभिन्न किसिमका प्रकोपको प्रभावकारी व्यवस्थापन, नागरिकमैत्री ढंगबाट गाँउपालिकाको संस्थागत विकास, साधन स्रोतको दीगो परिचालन तथा शहरीकरणका चुनौती सामना गर्दै जनमत, जनइच्छा र हामी प्रतिनिधिहरुको तत्परता एवं इच्छाशक्ति, कृषि, पशुपालन, पर्यटन क्षेत्रको उच्च सम्भावना तथा प्राकृतिक स्रोत साधनलाई अवसरका रुपमा ग्रहण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

३. साविक स्थानीय निकायहरुमा चालु आ.व. २०७३।०७४ मा पूर्वाधार क्षेत्र विकास, सामाजिक विकास, संस्थागत विकास, आर्थिक विकास लगायत विभिन्न विषयमा केन्द्रित भइ कार्यक्रम निर्धारण गरिएको र तदनुरुप योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिएको थियो । साविक गजेडी गाविसको राजश्व आम्दानी रु ८ लाख ६८ हजार ३ सय ६२ मात्र र मौज्दात आ।ल्या., अनुदान निकासा, चालू र पुंजीगत गरि रु ८२ लाख २१ हजार ६ सय ४६ रुपैया ६६ पैसा गरि जम्मा ९० लाख ९० हजार ८ रुपैयाँ पैसा ६६ मात्र आम्दानी भएकोमा चालु तथा पुँजिगत गरि रु ७४ लाख ६७ हजार ७८ रुपैयाँ खर्च भइ जम्मा वित्तय प्रगति ८२.१४ प्रतिशत भएको छ । साविक रुद्रपुर गाविसको राजश्व  आम्दानी ६ लाख ८५ हजार १ सय ५७ पैसा १२ र मौज्दात आ।ल्या. अनुदान निकासा रु ८१ लाख ३२ हजार ९ सय १ रुपैया पैसा ६३ गरि जम्मा ८८ लाख १८ हजार ५८ रुपैयाँ पैसा ७५ मात्र आम्दानी भएकोमा चालु र पूजिंगत गरि जम्मा रु ७७ लाख ११ हजार ७ सय ६८ रुपैया खर्च भइ जम्मा वित्तय प्रगति ८७.४५ प्रतिशत भएको छ । गाँउपालिका गठन भएसँगै गाँउपालिकाको नाममा प्राप्त अनुदान र आन्तरिक आम्दानी गरि रु १ करोड १ लाख ५२ हजारमा चालु तथा पुजिंगत गरि जम्मा रु ५४ लाख ७२ हजार ६ सय ३४ मात्र खर्च भइ जम्मा वित्तय प्रगति ५३.९० प्रतिशत भएको छ । सम्वत २०७३ साल फाल्गुण २७ गते गाँउपालिका घोषणा भएसँगै कुल जम्मा वित्तय प्रगति ७३.६० प्रतिशत भएको जानाकारी गराउंद छु ।  उपरोक्त साविक गाउँ विकास समितिहरुको गाँउपालिकामा समायोजन भए पश्चात २०७३ फाल्गुण मसान्त पछिको मात्र आय व्यय समावेश गर्न संभव भएको छ ।

साविक गाविस र गठन पश्चात गाँउपालिकाको समेतको कुल वित्तीय प्रगती ७३.६० प्रतिशत भएको प्रारम्भिक अनुमान छ । यस बमोजिमको वित्तिय परिचालनबाट आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशुपालन, पर्यटन लगायतका विषय सामाजिक क्षेत्र अन्तरर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, संस्कृति, खेलकूद, लैगिंक समानता, लक्षित वर्गको सशक्तिकरण, सवलीकरण र मूल प्रवाहिक़रणका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भइ उपलब्धि प्राप्त भएका छन् । तत तत क्षेत्रमा भएका विकास क्रियाकलापहरुबाट समुदायमा सकरात्मक प्रभाव देखिसकेको छ भने केही विकासका आधारहरु खडा भएका छन् साथै तिनबाट विस्तारै उपलब्धीहरु प्राप्त हुने छन् । आय आर्जन, जिवीकोपार्जन, सचेतना र ज्ञानमा आएको अभिवृद्धिलाई दिगो बनाइ राख्नु भावी दिनका चुनौती हुन् । पूर्वाधार क्षेत्र अन्तर्गत सडक निर्माण, सिंचाई सुविधा, समुदायिक भवनहरु निर्माण, सोलार बत्ती जडान भएका छन् । साविकका सार्वजनिक सेवा प्रदायक स्थानीय निकायका कार्यालयहरुमा जडित प्रविधिको उपयोगले कार्य सम्पादनमा सहजीकरण गरेको छ । साविक स्थानीय निकायहरुका साथमा विभिन्न क्षेत्रका गैरसरकारी संघ-संस्थाहरु मार्फत नागरिक स्तरमा चेतना अभिवृद्धि, आय-आर्जन र जीविकोपार्जनमा टेवा पुऱ्याउने कार्यहरु भएका छन् । यस अवसरमा साविक स्थानीय निकायहरु, विभिन्न सरकारी कार्यालयहरु, सुरक्षा निकाय, गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, संञ्चार माध्याम आदि सबै वर्ग र क्षेत्र तहबाट नागरिक हितका निम्ति भएका प्रयासहरु र सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धीका निम्ति हार्दिक धन्यवाद दिन चाहन्छु । कार्य सम्पादनका क्रममा देखिएका समस्या, बाधा-व्यवधान, कमी-कमजोरीलाई आत्मसाथ गर्दै आगामी दिनमा कार्यक्रम कार्यान्वयन प्रयासमा पनि निरन्तर सहयोग र सद्भावको अपेक्षा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

४. स्थानीय सरकारका रुपमा यस कञ्चन गाँउपालिकाको गरिमामय गाँउसभामा पहिलो पटक प्रस्तुत गरिएको चालू आ.ब. २०७४।०७५ को बजेट तथा कार्यक्रमको निम्न उद्देश्यहरु रहेका छन् ।

क) पूर्वाधार निर्माणमा नमूना कार्य गर्ने ।
ख) शैक्षिक सुधार र स्वास्थ्य क्षेत्रको सवलीकरण एवं स्तरीकरण गर्ने ।
ख) स्वरोजगार एवं रोजगारी सृजनामा सहजीकरण गर्ने ।
ग) सामाजिक न्याय र समानता कायम गर्ने,
घ) स्वच्छ वातावरण, प्रकोप न्यूनीकरण र शहरीकरणलाई व्यवस्थित गर्ने ।
ङ) सुशासन कायम गर्ने ।
च) महिला सशक्तिकरण गर्ने ।
च) राजस्वको दायरा फराकिलो वनाउने ।

५. उपरोक्त उद्देश्य हासिल गर्न बजेट तथा कार्यक्रम तर्जुमा गर्दादेखि नै ध्यान पुऱ्याइएको छ । निम्न पद्धति अवलम्वन गरी बजेट तथा कार्यक्रमलाई जनमुखी, यथार्थपरक, दीगो र प्रभावकारी बनाउने प्रयास गरेको छु ।

क) अन्तर सरकारी वित्तिय हस्तान्तरणको माध्यमबाट नेपाल सरकारबाट शसर्त एवं निशर्त अनुदान शिमा प्राप्त ।

ख) आन्तरिक आयको अनुमान ।

ग) स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट बजेट सिमा निर्धारण ।

घ) समुदाय स्तरबाट नागरिकका आवश्यकता र अपेक्षा संकलन ।

ङ) वडा, टोल भेला तथा विभिन्न सरोकारवाला निकायसँग गरिएका छलफल ।

च) वडाबाट प्राथमिकता सहित योजना कार्यक्रम छनौट तथा सिफारिस ।

छ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा गरिएका छलफल, विश्लेषण ।

ज) प्राथमिकता क्षेत्र निर्धारण गरी बजेट विनियोजन ।

६. योजना, कार्यक्रम, आयोजनाहरुलाई नागरिकको आवश्यकता र अपेक्षा अनुकुल बनाउन, सार्थक परिणाम हासिल गर्न र बजेट विनियोजनलाई सहज बनाई कार्यान्वयनमा प्रभावकारिता ल्याउन प्रस्तुत बजेट तथा कार्यक्रममा समावेश भएका योजना, कार्यक्रम तथा आयोजनाहरुलाई निम्न आधारमा प्राथमिकीकरण निर्धाण गरिएको छ ।

क) पुर्वाधार विकास र गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।

ख) उत्पादन मूलक र छिटो प्रतिफल दिने ।

ग) राजस्व परिचालनमा योगदान पुऱ्याउने ।

घ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।

ङ) स्थानीय श्रोत साधनमा आधारित भइ जनसहभागिता अभिवृद्धि गर्ने ।

च) लैगिंक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

छ) दीगो विकास र वातावरण संरक्षणमा योगदान पुऱ्याउने ।

ज) विशेष संस्कृति र जातीय पहिचान  गर्ने ।

झ) नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षाहरुको संवोधन ।

ञ) वडा समितिका सिफारिस ।

**सभाध्यक्ष महोदय,**

७. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न नीति तथा आधारहरुलाई आत्मासाथ गरेको छु ।

क) संवत २०७४ साल भाद्र १ गतेका दिन गाँउसभाले अनुमोदन गरेको आर्थिक वर्ष २०७४।०७५ को नीति तथा कार्यक्रम ।

ख) नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीयतहको एकल तथा साझा अधिकारको सूची ।

ग) नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु ।

घ) नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली,

ङ) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन ।

च) संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु ।

छ) संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।

ज) नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।

झ) स्थानीय शासन सञ्चालन संबन्धी कानूनी (आदेश, नियमावली) प्रावधानहरु ।

ञ) स्थानीय तहका सम्वन्धमा भएका अध्ययन प्रतिवेदनहरु ।

ट) विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैगिंक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाइ एवं उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु ।

ठ) नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु ।

ड) समुदाय, टोल, वस्ती स्तरमा भएका छलफल, सर्वदलिय तथा सर्वपक्षिय छलफल नागरिक स्तरबाट उठान भएका आवश्यकता एवं अपेक्षा तथा वडा समितिका सिफारिस ।

**सभाध्यक्ष महोदय,**

८. अब म प्रस्तुत बजेट तथा कार्यक्रम मार्फत गाँउ कार्यपालिकाले कार्यान्वयनमा ल्याउन खोजेका नीतिगत व्यवस्थाका बारेमा उल्लेख गर्न चाहन्छु ।

क) करको आधार र दायरा बढाउने, कर शिक्षा अभियान र अगामी आ.व. देखि एकिकृत सम्पत्ति कर लागु गर्न आधार तयार गर्ने प्रस्ताव गरेको छु ।

ख) पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिई पूर्वाधार क्षेत्रमा यथेष्ट रकम विनियोजन गरेको छु ।

ग) प्रत्येक वडाका लागि प्रयाप्त वजेट विनियोजन गरि वस्ती टोल र वडावाट छनौट भइ आएका योजनाहरुलाई नै समावेश गरि वडाहरुलाई योजना निर्माणमा पूर्ण स्वायत्तता प्रदान गरेको छु ।

घ) कृषि उत्पादन र उत्पादकत्व बढाउन, व्यवसायिक कृषि प्रणालीलाई प्रोत्साहन दिने नीति अवलम्वन गरिनुका साथै एक घर कम्तिमा ५ वटा फलफूलको रुख रोप्ने कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ङ) पूर्वाधार निर्माणमा जनसहभागिता सुनिश्चितताकालागि हरेक पूर्वाधार निर्माणमा न्यूनतम १५ प्रतिशत नगद योगदान सहित जनसहभागितालाई अनिवार्य गरेको छु ।

च) स्थानीय शासन प्रणालीलाई बालमैत्री यूवा, लैगिंक, अपाङ्ग, जेष्ठ नागरिक, वातावरण एवं समग्रमा नागरिक मैत्री बनाउन तत् तत् क्षेत्रका सूचकहरु सम्बन्धी कार्यक्रमका निम्ति आवश्यक बजेट व्यवस्था गरेको छु । विशेष गरी गाँउपालिकालाई निरक्षर मुक्त बनाउने, समुदायलाई सफा तथा स्वच्छ वातावरण मैत्री बनाउने नीति अवलम्वन गरिनेछ । जन्मदै साक्षर एवं शिक्षित अभिभावकका सन्तान सुनिश्चित गर्न परिवारमा जम्मेको शिशुको जन्म दर्ता गर्दा, नागरिकताको प्रमाणपत्रको निम्ति सिफारिस लिन आउँदा वा गाँउपालिकाको अन्य सेवा लिन आउँदा परिवारमा कोही सदस्य निरक्षर नरहेको, आफ्नो घरबाट उत्सर्जित फोहरलाई सड्ने र नसड्ने छुट्याई तोकिए बमोजिम व्यवस्थापन गर्ने प्रबन्ध मिलाएको एवं घर कम्पाउण्डमा तोकिए बमोजिम रुख, विरुवा रोपिएको हुनुपर्ने व्यवस्था मिलाएको छु । यस प्रावधानलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गराउन साक्षरता, सरसफाइ र वातावरण संरक्षण अभियान सञ्चालन गरी पूर्ण साक्षर, सफा र वातावरणमैत्री गाँउपालिका घोषणा गर्ने अभियान संचालन गरिनेछ । यस किसिमका सरसफाइ एवं वातावरण सम्बन्धि अभियान र साक्षरता कक्षा सञ्चालन गर्ने टोल सुधार समिति वा संघ संस्थालाई विशेष आर्थिक सुविधा उपलब्ध गराइनेछ ।

झ) बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न फूटपाथ तथा हाटबजारमा खुल्ला रुपमा हुने खाद्य तथा मासुजन्य वस्तु आदिको बिक्री वितरणलाई रोकी सो कार्यलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ञ) अन्य गाउँ, नगरपालिका प्रदेश, प्रदेशको केन्द्र जोड्ने सडक निर्माणलाई प्राथमिकता दिएको छु ।

ट) सहकारीलाई आय आर्जन एवं रोजगारी बढाउने माध्यमको रुपमा कृषि र पर्यटन क्षेत्रको विकासमा उपयोग गरिने नीति अंगिकार गरि सहजीकरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ठ) अव्यवस्थित बसोबास व्यवस्थापन, सडक गुरुयोजना, गाँउपालिका गुरुयोजना, तर्जुमा कञ्चन रिङ्गरोड, पर्यटन स्थलको प्रर्वधन र खोजी कार्य आदि नागरिक सरोकार एवं दीर्घकालिन प्रभावका विषयमा अध्ययन गरी कार्य अघि बढाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ण) खेलकुद क्षेत्रका पूर्वाधार निर्माण गर्न र कञ्चनको पहिचानका रुपमा प्रत्येक वर्ष विभिन्न खेलकूद प्रतियोगिता सञ्चालन गर्न र खेल मैदान निर्माण गर्न तथा बढी भन्दा बढी विषयगत खेलहरु सहभागी हुने गरी अध्यक्ष कप शिल्ड खेलकूद प्रतियोगिता सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

त) सुशासन, क्षमता विकास र नागरिक जनप्रतिनिधि प्रशासन बिचको सुमधुर सम्बन्ध कायम गर्न आवश्यक सबै उपायहरु अवलम्वन गरिएको छ । त्यसकालागि पर्याप्त बजेटको

व्यवस्था गरिएको छ । सार्वजनिक सेवा प्रवाहलाई सेवा ग्राहीमैत्री तुल्याउन प्रविधिको प्रयोग बढाने नीति लिएको छु ।

थ) निर्वाचित पदाधिकारीहरुलाई कार्य सम्पादनका आधारमा बैठक तथा अन्य भत्ता र सुविधा उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

द) गाँउपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल एवं उत्प्रेरणा वृद्धि गर्न र कार्य सम्पादन क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने रकमको व्यवस्था गरेको छु ।

ध) मापदण्ड निर्धारण गरी वडा कार्यालयहरु, अन्य विषयगत कार्यालयहरु, विद्यालयहरु र अन्य जिम्मेवार पदाधिकारीहरुसँग कार्य सम्पादन सम्झौता समेत गरी सेवा प्रवाह र विकास कार्यक्रम सञ्चालनमा प्रभावकारिता अभिवृद्धि गरिनेछ । निर्वाचित पदाधिकारीले पाउने आर्थिक सुविधा एवं कर्मचारीले पाउने थप सुविधालाई यसै बमोजिमको कार्य सम्पादनसँग आवद्ध गरिनेछ । साथै पूँजीगत शीर्षक अन्तरगत विनियोजित रकमबाट विकास योजना क्रियाकलाप सञ्चालन गर्दा विभिन्न उपभोक्ता समितिहरु बीच कार्यसम्पादन प्रतिस्पर्धाको नीति अवलम्वन गरिनेछ । तोकिएको समय अगावै लागत अनुमान बमोजिमको परिमाण र गुणस्तर बमोजिमको कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई थप बजेट समेत उपलब्ध गराइनेछ ।

न) यस सम्मानित गाँउसभाले स्वीकृत गरको आर्थिक वर्ष ०७४।०७५ को नीति तथा कार्यक्रममा परेका विषयहरु जस्तै, अव्यवस्थित बसोबास व्यवस्थापन, फोहरमैला व्यवस्थापन, सडक मापदण्ड आदि कार्यन्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । त्यस्ता कार्यक्रमहरुलाई कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ । वडा समितिबाट सिफारीस भइ आएका तर गाँउपालिका बाट कार्यन्वयन हुन नसकेका योजना तथा कार्यक्रमहरु कार्यन्वयनकालागि संघ तथा प्रदेश सरकार समक्ष अनुरोध गरी पठाइनेछ ।

प) योजना कार्यन्वयनमा सहजता प्रदान गर्नकालागि रु ३ लाखसम्मका योजनाहरुको योजना सम्झौता सम्बन्धित वडा बाटै हुने व्यवस्था मिलाएको छु ।

फ) आपतकालीन मर्मत संभारको लागि वडा स्तरबाटनै तत्काल सम्बोधन हुनेगरि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ब) साझेदारी कार्यक्रम अन्तर्गत सर्प दंश केन्द्र स्थापना गर्नको लागि बजेटको व्यवस्था गरेको छु ।

भ) सूचनाको पहुँच सर्वसाधारण सबैसंग पुर्याउने र आर्थिक अनुशासन एवं पारदर्शिता गर्ने उद्देश्य अनुरुप रु २ लाख भन्दा माथिका योजना कार्यान्वयनको अवस्थालाई अनिवार्यरुपमा होडिङ्ग वोड योजना स्थलमा राख्नुपर्ने र सवै विकास निर्माणको सार्वजनिक सुनुवाइ गर्ने व्यवस्थालाई अनिवार्य गराएको छु ।

म) उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा कम्तिमा एक जना पदाधिकारीमा पर्ने गरि ४० प्रतिशत महिलाको सहभागितालाई अनिवार्य गराएको छु ।

**सभाध्यक्ष महोदय,**

९) राज्य पूर्नसंरचना पश्चात गठित पहिलो गाँउपालिकाको प्रथम गाँउसभामा प्रस्तुत भइरहेको आय व्यायको अनुमान मस्यौदा तयारीका सिमाहरु, रहेका थिए । यस्ता सिमाहरु कार्यान्वयन चरणमा पनि तेर्सिने निश्चित छ । संक्रमणकालिन बजेट तर्जुमा र कार्यान्वयन आफैमा चुनौतिपूर्ण जिम्मेवारी हो । यस चुनौतिको सामना गर्दै गन्तव्यमा पुग्नै पर्ने बाँध्यता छ । यस्तो बाँध्यात्मक अप्ठ्यारो अवस्था र चुनौति सामना गर्ने उर्जा र शक्ति जनमतले प्रदान गरेको छ । तसर्थ हामी तोकिएको गन्तव्यमा अवश्य पुग्नेछौं ।

१०) अन्तर सरकारी वित्तीय समानिकरण अनुदान मार्फत नेपाल सरकारबाट प्राप्त स्वास्थ्य, शिक्षा र कृषि तर्फको सशर्त अनुदान बजेट रु. ६ करोड ५७ लाख १५ हजार लाई सम्बन्धित कार्यालयहरुसंग समन्वय गरी कार्यान्वयन गरिनेछ । यी बाहेक गाँउपालिका मातहत आउने क्रममा रहेका अन्य विषयगत कार्यालय र तीनका वार्षिक कार्यक्रमहरुलाई यसै बजेटको अभिन्न अङ्ग मानी समन्वय गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ । विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, सामुदायिक वन उपभोक्ता समूहहरु, सहकारी संस्थाहरु लगायतका निकायहरु कार्यक्रमहरुलाई पनि यसै बजेटको अभिन्न अंग मानी समन्वय गरी कार्यन्वयन गरिनेछ । यसरी विभिन्न स्रोतबाट हुने आय र खर्चलाई कानूनी रुपमा बजेटका अभिन्न अङ्ग बनाउन आवश्यक कानूनी प्रक्रिया अपनाइनेछ ।

**सभाध्यक्षज्यू,**

११) म आर्थिक वर्ष २०७४।०७५ को अनुमानित व्यय र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु । प्रस्तुत बजेटको आयको ठूलो हिस्सा अन्तर सरकारी वित्तीय समानिकरण अनुदान अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान तर्फ रु. ६ करोड ५७ लाख १५ हजार र निशर्त अनुदानतर्फ रु. १५ करोड ९१ लाख ६२ हजार गरी जम्मा रु २२ करोड ४८ लाख ७७ हजार रहेको छ । त्यसैगरी राजस्व बाँडफाँडबाट रु. १ करोड, आन्तरिक राजस्वबाट रु. १ करोड ९४ लाख ४२ हजार, गत आर्थिक वर्षको नगद मौज्दात रु. ७३ लाख ५८ हजार र लागत सहभागीता तथा जन श्रमदान अन्तर्गत प्राप्त मौद्रीक मापनवाट रु. १ करोड ९३ लाख २ हजार ५ सय र सामाजिक सुरक्षा सशर्त अनुदान रु. ६ करोड समेत गरी आर्थिक वर्ष २०७४।०७५ को कुल आय रु. ३४ करोड ९ लाख ७९ हजार ५ सय अनुमान गरेको छु ।

१२) व्ययतर्फ निर्वाचित पदाधिकारीको भत्ता, सुविधा, कर्मचारीका तलब, भत्ता तथा अन्य सुविधा, कार्यालय सञ्चालन लगायतका प्रशासनिक खर्च समेतको चालु खर्चका निम्ति ३ करोड ५० लाखा र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन लगायतका काम समेटिएको पूँजीगत

खर्चका निमित्त रु. १८ करोड २ लाख ६४ हजार ५ सय ,वित्तिय समानीकरण सशर्त अनुदान रु ६ करोड ५७ लाख १५ हजार र सामाजिक सुरक्षा भत्ता वितरण तर्फ रु ६ करोड विनियोजन गरेको छु । चालु खर्चका निम्ति अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने निशर्त अनुदान तर्फको रु. २ करोड ५० लाख र आन्तरिक आयबाट रु. १ करोड गरी जम्मा रु. ३ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ । पूँजीगत खर्चका निम्ति अन्तर सरकारी वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने निशर्त अनुदान तर्फको रु. १३ करोड ४१ लाख ६२ हजार र आन्तरिक आयबाट रु. २ करोड ६८ लाख लागत तथा जन सहभागिताको मौद्रिक मापनवाट रु १ करोड ९३ लाख २ हजार ५ सय गरी जम्मा रु. १८ करोड २ लाख ६४ हजार ५ सय विनियोजन प्रस्ताव गरेको छु । अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त भइसकेको सशर्त अनुदान तर्फको ६ करोड ५७ लाख १५ हजार रुपैयाँ र सामाजिक सुरक्षा अनुदान वापतको रु ६ करोड तोकिए बमोजिम खर्च गरिने छ । राजस्वको शीर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुनेगरी विभिन्न स्रोतबाट प्राप्त हुने आय र व्ययको शीर्षकगत विवरणहरु अनुसूचीमा उल्लेख गरेको छु ।

धन्यवाद, जय कन्चन
गोकर्ण बहादुर क्षेत्री
अध्यक्ष
कन्चन गाँउपालिका, रुपन्देही